28 December 2024

**यो आकाशवाणी हो**

**मुख्य समाचार :**

- **पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंह पञ्चतत्वमा विलिन, राजकीय सम्मानसहित अन्तिम संस्कार सम्पन्न**
- **पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहको स्मारक बनाउन सरकारले जमीन उपलब्ध गराउने**
- **इसरोले सोमबार स्पेस डकिङ एक्सपेरिमेन्ट- SPADEX प्रक्षेपण गर्ने**
- **बोर्डर–गावस्कर ट्रफीको चौथो टेस्टमा भारत ३५८ रन बनाएर खेल्दै , अनि**
- **इन्डियन सुपर लीग फुटबलमा अहिले चेन्नई अनि बेङ्गलुरू माझ भिडन्त हुँदै**

**अब समाचार विस्तारमा**

**मनमोहन सिंह - अन्तिम संस्कार**

पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंह पञ्चतत्वमा विलिन हुनुभएको छ। श्री सिंहको पार्थिव शरीरको अन्तिम संस्कार आज पूर्ण राजकीय सम्मानसहित दिल्लीको निगम बोध घाटमा सम्पन्न भयो।

सिख पुजारी र डा. मनमोहन सिंहका परिवारका सदस्यहरूले दाहसंस्कार अघि गुरबानी वाचन गरेका थिए। औपचारिक गार्ड अफ अनरपछि राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखड, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, केन्द्रीय मन्त्रीहरू श्री राजनाथ सिंह, श्री अमित शाह र श्री जगतप्रकाश नड्डा अनि लोकसभा अध्यक्ष श्री ओम बिर्लाले डा सिंहलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। यस बाहेक कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड्गे, श्रीमती सोनिया गान्धी र श्री राहुल गान्धी लगायत कंग्रेस पार्टीका अन्य नेताहरूले उहाँलाई अन्तिम बिदाई दिनुभयो।

दिल्लीका उपराजयपाल श्री विनय कुमार सक्सेना अनि मुख्यमन्त्री सुश्री आतिशीले पनि पूर्व प्रधानमन्त्रीलाई भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्नुभयो।

सेना प्रमुख श्री उपेन्द्र द्विवेदी, नौसेना प्रमुख श्री दिनेश के. त्रिपाठी, वायुसेना प्रमुख श्री अमरप्रीत सिंह, भुटानका महाराजा श्री जिग्मे खेसर नामग्याल वाङ्चुक अनि मौरिससका विदेशमन्त्री श्री धनञ्जय रामफलले पनि डा मनमोहन सिंहलाई पुष्पहार अर्पण गर्नुभएको थियो ।

पूर्वप्रधानमन्त्रीको पार्थिव शरीर आज बिहान कंग्रेस मुख्यालयबाट निगमबोध घाटमा दाहसंस्कारका निम्ति ल्याइएको थियो। यसअघि उहाँको पार्थिव शरीरलाई उहाँको निवासबाट कंग्रेस मुख्यालयमा ल्याइएको थियो जहाँ आम जनता र पार्टी कार्यकर्ताले अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए।

डा. मनमोहन सिंहको ९२ वर्षको उमेरमा बिहीबार नयाँ दिल्लीको एम्समा निधन भएको हो ।

**गृह मन्त्रालय - स्मारक**

पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहको स्मारकका लागि सरकारले जमीन उपलब्ध गराउने केन्द्रीय गृह मन्त्रालयले जनाएको छ । मन्त्रालयले विज्ञप्ति जारी गर्दै हिजो कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड्गेबाट सरकारलाई यस सम्बन्धमा अनुरोध प्राप्त भएको जनाएको छ। मन्त्रालयले भनेको छ,  केन्द्रीय मन्त्रिपरिषद् बैठकको लगत्तै गृहमन्त्री श्री अमित शाहले श्री खड्गे र डा मनमोहन सिंहको परिवारलाई सरकारले स्मारकको लागि ठाउँ छुट्याउने बताउनु भएको थियो।

**हिन्दु कलेज श्रद्धाञ्जली**

यसैबीच, पञ्जाबमा, हिन्दू कलेजले अमृतसरमा आफ्ना प्रतीभाशाली पूर्व विद्यार्थी एवम् पूर्वप्रधान मन्त्री डा मनमोहन सिंहलाई श्रद्धाञ्जली अर्पण गरेको छ। हिन्दू कलेजका प्राचार्य डा. सञ्जय खन्नाले कलेज परिसरमा डा. मनमोहन सिंहको स्मारक बनाउने घोषणा गर्नुभएको छ । डा. मनमोहन सिंह हिन्दू कलेजका १९५१-५३ का विद्यार्थी हुनुहुन्थ्यो।

**ISRO-SPADEX**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरोले सोमबार प्रक्षेपण हुने आफ्नो स्पेस डकिङ एक्सपेरिमेन्ट- **SPADEX** मिसनका लागि सबै तयारी पूरा गरेको छ। अन्तरिक्ष राज्यमन्त्री डा. जितेन्द्र सिंहले यस वर्षको अन्त्यमा प्रक्षेपण गरिने यो **ISRO** मिशन ऐतिहासिक भएको बताउनुभएको छ**,** किनभने यसले अन्तरिक्षमा रहेका दुईवटा उपग्रहलाई जोड्ने छ ।

डा. सिंहले भन्नुभयो, **SPADEX** मिशनको साथ भारत अन्तरिक्षमा उपग्रहहरू डोकिङ गर्ने केही देशहरूमा सामेल हुनेछ। उहाँले पीएसएलभी रकेटबाट दुईवटा उपग्रह प्रक्षेपण गरिने बताउनु भयो।

**पीएम-मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि आकाशवाणीको मन की बात कार्यक्रममा देश- विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको ११७ औं श्रृङ्खला हुनेछ । मन की बात आकाशवाणी र दूरदर्शन, आकाशवाणी समाचार वेबसाइट र आकाशवाणी समाचारको सम्पूर्ण नेटवर्कमा प्रसारण गरिनेछ। आकाशवाणीले हिन्दी प्रसारण लगत्तै क्षेत्रीय भाषाहरूमा मन की बात कार्यक्रम प्रसारण गर्नेछ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**राष्ट्रिय महिला आयोग - समिति**

राष्ट्रिय महिला आयोगकी अध्यक्ष श्रीमती **विजया रहाटकर**ले अन्ना विश्वविद्यालय, चेन्नईमा भएको कथित यौन दुर्व्यवहारको घटनाको छानबिन गर्न एउटा समिति गठन गर्नुभएको छ। आयोगले विज्ञप्ति जारी गर्दै दुई सदस्यीय समितिले घटनाको अवस्थाबारे छानबिन गर्ने र अधिकारीहरूले गरेको कारबाहीको मूल्याङ्कन गर्ने जनाएको छ । समितिले सम्बन्धित निकाय, पीडित, उनको परिवार, साथीभाइ र विभिन्न गैरसरकारी संस्थासँग अन्तरक्रिया गरी तथ्य पत्ता लगाउने र यस्ता घटना दोहोरिन नदिन उपायहरू सुझाउ दिनेछ । समितिमा राष्ट्रिय महिला आयोगकी सदस्य श्रीमती ममता कुमारी र महाराष्ट्रकी पूर्व पुलिस महानिर्देशक सुश्री प्रवीण दीक्षित समावेश छन्।

यसअघि राष्ट्रिय महिला आयोगले यस घटनालाई आफै संज्ञानमा लिएको थियो र आयोगकी अध्यक्ष श्रीमती **विजया रहाटकर**ले तमिलनाडुका पुलिस महानिर्देशकलाई पीडितलाई निःशुल्क स्वास्थ्य सेवा र सुरक्षा उपलब्ध गराउन निर्देशन दिनुभएको थियो। श्रीमती रहाटकरले सर्वोच्च अदालतको दिशानिर्देश र भारतीय न्याय संहिताको धारा ७२ को उल्लङ्घन गरी पीडितको परिचय सार्वजनिक गर्ने अधिकारीलाई कारबाही गर्न पनि निर्देशन दिनुभएको थियो।

**नक्सल आत्मसमर्पण**

२७ वर्षीय कट्टर नक्सलवादी **देवा सुमादो मुदम**ले महाराष्ट्रको गोन्दिया जिल्लामा पुलिससमक्ष आत्मसमर्पण गरेका छन्। उनीमाथि सात लाख रुपियाँको पुरस्कार थियो । छत्तीसगढको बिजापुर जिल्लाका देवा सानैदेखि नक्सलवादी गतिविधिमा संलग्न छन्। गोन्दिया जिल्ला पुलिसको अपीलपछि र नक्सलवादी समूहहरूको गतिविधिबाट निराश भएर उनले जिल्ला कलेक्टर श्री प्रजित नायर र पुलिस अधिकारीहरूसमक्ष आत्मसमर्पण गरेका हुन्।

**विदेशमन्त्री अमेरिका भ्रमण**

विदेशमन्त्री डा एस. जयशंकरले अमेरिकी प्रतिनिधि र आगामी राष्ट्रिय सुरक्षा सल्लाहकार श्री **माइकल वाल्ट्ज**लाई आफ्नो आधिकारिक भ्रमणको क्रममा भेट गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा, डा. जयशंकरले भन्नुभएको छ, भेटघाटमा दुवै पक्षले द्विपक्षीय साझेदारीका साथै वर्तमान वैश्विक मुद्दाहरूमाथि व्यापक वार्ता गरेका छन्।

**एशियाली फिल्म महोत्सव**

थर्ड आई एसियाई फिल्म महोत्सवको २१ औं संस्करण १० देखि १६ जनवरीसम्म मुम्बई र ठाणेमा आयोजना हुनेछ। यस महोत्सवमा अन्धेरी, सायन र ठाणेका सिनेमाघरमा ६१ वटा चलचित्र देखाइनेछन्। महोत्सवको उद्घाटन चिनियाँ फिल्म **द ब्ल्याक डग**बाट हुनेछ, जो कान्स फिल्म फेस्टिभलमा पुरस्कृत भएको थियो। महोत्सवमा यस वर्ष प्रसिद्ध पटकथा लेखक तथा गीतकार जावेद अख्तरलाई एसियन फिल्म कल्चर अवार्डबाट सम्मानित गरिने भएको छ। पत्रकार रफिक बगदादीलाई सत्यजित रे स्मृति पुरस्कार प्रदान गरिने भएको छ।

**क्रिकेट बोर्डर गावस्कर ट्रफी**

मेलबर्नमा अस्ट्रेलियासँग भइरहेको बोर्डर–गावस्कर ट्रफीको चौथो क्रिकेट टेस्टको तेस्रो दिनको खेल सकिँदा भारतले पहिलो पारीमा ९ विकेट खर्च गरेर ३५८ रन बनाएर खेलिरहेको थियो। भारतीय टीम अझै अष्ट्रेलियाभन्दा ११६ रन पछाडि रहेको छ । भारतीय ब्याट्सम्यान नितिश कुमार रेड्डीले आफ्नो पहिलो टेस्ट शतक प्रहार गरेका छन्। नितिश 105 र मोहम्मद सिराज २ रन बनाएर क्रिजमा थिए ।

आज बिहान भारतले आफ्नो पहिलो पारी ५ विकेटमा १६४ रनबाट सुरु गरेको थियो । यसअघि अष्ट्रेलियाले पहिलो पारीमा ४७४ रन बनाएको थियो । स्टिभ स्मिथले १४० रन बनाएका थिए ।

पाँच म्याचको शृङ्खला अहिले १–१ को बराबरीमा रहेको छ ।

**फुटबल आईएसएल**

इन्डियन सुपर लीग फुटबलमा अहिले, चेन्नईमा, चेन्नई एफसी अनि बेङ्गलुरू एफसी बीच भिडन्त शुरु भएको छ।

यसभन्दा अघि, हैदराबादमा भएको ईस्ट बंगाल फुटबल क्लब अनि हैदराबाद एफसी बीचको म्याच एक एक गोलको बराबरीमा टुङ्गिएको छ।

प्रतियोगितामा, हिजो कोलकातामा भएको मोहम्मडन स्पोर्टिङ क्लब र उडिशा एफसीको खेल गोलरहित ड्र रहेको थियो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंह पञ्चतत्वमा विलिन, राजकीय सम्मानसहित अन्तिम संस्कार सम्पन्न**
- **पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहको स्मारक बनाउन सरकारले जमीन उपलब्ध गराउने**
- **इसरोले सोमबार स्पेस डकिङ एक्सपेरिमेन्ट- SPADEX प्रक्षेपण गर्ने**
- **बोर्डर–गावस्कर ट्रफीको चौथो टेस्टमा भारत ३५८ रन बनाएर खेल्दै , अनि**
- **इन्डियन सुपर लीग फुटबलमा अहिले चेन्नई अनि बेङ्गलुरू माझ भिडन्त हुँदै**